बर्दिया जिल्ला अदालत
गुलरिया

# बर्दिया जिल्ला अदालतबाट जारी भएको प्रेस बिज्ञप्ति

मिति २०७८।११।०४ गते जनआस्था डट कममा प्रकाशित भएको " न्यायाधीशको काम कति बटुल्ने दाम " शीर्षक राखी न्याय र सभ्य समाजको आशा गर्ने नेपाली नागरिकको नामबाट यस अदालतका माननीय जिल्ला न्यायाधीश श्री लोकजङ्ग शाहको बिभिन्न मुद्दामा आदेश तथा फैसला गर्दा आर्थिक संलग्नता रहेको भन्ने समाचार सम्बन्धमा यस अदालतको गम्भीर ध्यानाकर्षण भएको छ।

कानूनत: हुने आदेश तथा फैसलाको बिषयमा माननीय न्यायाधीशज्यूलाई असान्दर्भिक रुपमा जोडेर अतिरञ्जित एंव भ्रामक समाचार प्रकाशन हुनु अत्यन्तै दु:खद र खेदजन्य बिषय हो। अदालतले गरेको आदेश वा फैसला उपर चित्त नबुझ्ने पक्षले कानूनबमोजिम माथिल्लो अदालतमा निवेदन तथा पुनरावेदनपत्र दिन सक्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा आधिकारिकता पुष्टि नहुने समाचार प्रकाशन गरी बिना आधार लाञ्छना लगाई चरित्र हत्या गर्न प्रपञ्च गर्ने कार्य आफैमा कानून बिपरित, गम्भीर र खेदजनक छ भन्ने कुरा निम्न तथ्यहरुले पुष्टि गर्दछ । लायकराम थारुको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी खगेन्द्र कुँवर समेत भएको मु..नं. ०७८-C1-०११४ भएको ज्यान मार्ने उद्योग मुद्दा यस अदालतमा मिति २०७८।०९।३० मा कार्यालय समयको अन्त्यतिर अभियोगपत्र दर्ता भएको र २०७८ साल माघ १ र २ गते सार्वजनिक बिदा पर्न गई माघ ३ गते प्रतिवादीहरुको बयान कार्य सम्पन्न भएर मिति २०७८।१०।४ मा थुनछेक आदेश भई प्रतिवादीहरुलाई मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएको छ तर प्रकाशित समाचारमा मुद्दा दर्ता भएको १० दिन पछि थुनछेक आदेश भएको र प्रतिवादीहरुलाई धरौटीमा छाडिएको भनी लेखिएको छ भने त्यस्तै कमल प्रसाद पनेरुको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जितेन्द्र कुमार मण्डल भएको मु.नं. ०७७-c1-०१६५ को आत्महत्या दुरुत्साहन मुद्दा मिति २०७८।०९।२८ मा प्रतिवादीलाई एक वर्ष कैद हुने ठहरी फैसला भएको र निज प्रतिवादी हालसम्म थुनामा नै रहेका छन तर समाचारमा भने भ्रामक र तथ्यहिन कुरा उल्लेख गरिएको छ। नेपालको संविधान तथा ऐनबमोजिम स्वतन्त्र, स्वायत्त एंव संवेदनशीलताका साथ क्रियाशिल रहनुपर्ने व्यक्तिप्रति दुषित मनसाय राखी लाञ्छित गर्नु अत्यन्त दु:खद अवस्था हो। माननीय न्यायाधीशज्यूबाट भएको अमुक आदेश तथा फैसलासमेतका सन्दर्भ जोडी यस प्रकारका समाचार आउनु अदालतप्रतिको जनआस्थामा प्रतिकुल प्रभाव पार्ने दुषित मनसाय हो। यस प्रकारका भ्रामक, मिथ्यापुर्ण समाचारहको बिश्वासमा नपर्न आम नागरिक सबैमा अनुरोध गर्दै न्यायाधीशसंग सम्बन्धित समाचारहरु प्रकाशन गर्दा सत्यतथ्य बुझी आधिकारिकता पुष्टि हुने गरी समाचार प्रकाशन गर्नसमेत सम्बद्ध सञ्चार माध्यमहरुमा बर्दिया जिल्ला अदालत आग्रहसमेत गर्दछ।

मिति:२०७८।११।०८

२०७८।११।०८

निलकण्ठ बराल
श्रेस्तेदार उपसचिव